

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ११७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २८ गते शुक्रबार ❑ 10 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## एमसिए-नेपालद्वारा सबस्टेशन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर

**रासस**
काठमाडौं, २७ बैशाख

एमसिए-नेपालले लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्तापश्चिम) जिल्लामा चार सय केभी नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी ठेक्का लिङ् कसन इण्डिया प्रालिलाई प्रदान गर्दै उक्त कम्पनीसँग सोसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ । उक्त सबस्टेशनको निर्माण सम्झौता अवधि ३९ महिनाभित्र सम्पन्न गरिने जनाइएको छ ।

नवलपरासी (बर्दघाट सुस्तापश्चिम)मा आज आयोजित हस्ताक्षर समारोहमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, नेपालका लागि संयुक्त राज्य अमेरिकी राजदूत डिनआर थम्पसन, स्थानीय अधिकारीहरू तथा निर्वाचित जनप्रतिनिधिको उपस्थिति थियो । कार्यक्रमलाई सम्बोधन गर्दै अमेरिकी राजदूत थम्पसनले भन्नुभयो, "नेपालको ऊर्जासम्बन्धी आवश्यकता सम्बोधनका लागि कम्प्याक्ट उपयोगी रहेको सुनिश्चित गर्ने सन्दर्भमा अमेरिकी सरकार, नेपाल सरकारसँग सहकार्य गर्न प्रतिबद्ध छ । घरेलु उपभोग, विस्तारित व्यापारिक एवं औद्योगिक संस्थाहरू तथा सीमापार विद्युतीय व्यापारका लागि भरपर्दो एवं धान्न सकिने विद्युत् उपलब्ध गराइरहेको नेपालको विद्युत् प्रसारण क्षमतामा यस चार सय केभी नयाँ बुटवल सबस्टेशनले सुधार ल्याउनेछ ।"

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "यो चार सय केभी सबस्टेशन प्राधिकरणको प्राथमिकतामा रहेको संरचना हो र यसले यस क्षेत्रमा सीमापार ऊर्जा व्यापार उल्लेख्य रूपमा उकास्नका लागि विद्यमान दुई सय २० केभी सबस्टेशनलाई सघाउनेछ ।" कार्यक्रममा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनका क्रममा भइरहेका समष्टिगत प्रगतिमाथि प्रकाश पार्नुभयो । उहाँले भन्नुभयो, "एमसिए-नेपालले विद्युत् प्रसारण आयोजनाअन्तर्गत प्रसारण लाइन र सबस्टेशनहरूको निर्माणसम्बन्धी सम्पूर्ण कार्यलाई तीव्रतापूर्वक अगाडि बढाइरहेको छ । बाँकी दुईवटा सबस्टेशनको निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नका लागि हामी खरिद प्रक्रियाको अन्तिम चरणमा छौं ।"

एमसिए-नेपालले नेपाल सरकारको लगानी तथा अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट आर्थिक अनुदान प्राप्त विद्युत् प्रसारण आयोजनाअन्तर्गत यस सबस्टेशनका अतिरिक्त नुवाकोट जिल्लाको रातमाटेमा र तनहुँ जिल्लाको दमौलीमा पनि एक-एकवटा सबस्टेशन निर्माण गर्दैछ । ती सबस्टेशनका लागि निर्माण कम्पनीको छनोट हुँदैछ । अर्थ मन्त्रालयका सचिव अध्यक्ष रहनुभएको एमसिए-नेपालको सञ्चालक समितिको २०८० साल फागुनमा बसेको बैठकले भारतसँगको सम्झौतामा उल्लेख गरिएअनुरूप सीमापार ऊर्जा व्यापारलाई समयमै अगाडि बढाउनका लागि सहजीकरण गर्न नयाँ बुटवल-गोरखापुर विद्युत् प्रसारण लाइनको नेपाली क्षेत्रमा पर्ने १८ किमी अंशको निर्माणलाई अगाडि बढाउने निर्णय गरेको थियो ।

## आठौँ पोखरा स्पोर्ट्स अवार्ड, सम्पूर्ण तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने आठौँ संस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०८० को सम्पूर्ण तयारी पुरा भएको छ । आयोजकले बिहीबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरेर दिएको जानकारी अनुसार अवार्ड समारोह शुक्रबार दिउँसो ठिक २:४५ बजेदेखि पोखरा सभागृह हलमा सुरु हुनेछ ।

वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेलकुद संस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकार गरेर ७ विधामा अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष तथा मुल आयोजक समितिका संयोजक दीननाथ बरालले बताए । यि मध्येमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी गरेर चारवटा विधाको उत्कृष्ट तीन मनोनयन सार्वजनिक भैसकेको छ ।



जस अनुसार वर्ष खेलाडी पुरुष विधामा क्रिकेटका अर्जुन कुमाल, टेनिसका प्रदीप खड्का र भलिबलका हिमाल सुनारी मनोनयनमा परेका छन् । वर्ष खेलाडी महिला विधामा आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर रहेका छन् । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने अध्यक्ष बरालले खुलाए । १७ वर्ष मुनिका खेलाडीबीच प्रतिष्पर्धा हुने उदियमान खेलाडी विधामा क्रिकेटकी ज्योत्सनिका मरासिनी, ब्याडमिन्टनकी दिलासा राना र एथलेटिक्सका बादल कार्की रहेका छन् । उत्कृष्ट प्रशिक्षक विधामा टेनिसका नीरज थापा, भलिबलका रमेश केसी र क्रिकेटका रिजन प्रजु छन् । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् । उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिनेछ ।

यस्तै यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड एथलेटिक्स प्रशिक्षक इन्द्रा मल्ललाई प्रदान गर्ने घोषणा भैसकेको छ । मल्ललाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ । वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड सहारा क्लब पोखरालाई प्रदान गरिनेछ । वर्ष उत्कृष्ट खेल पत्रकारतर्फको अवार्ड रोहितराज पराजुलीलाई अर्पण गरिनेछ । वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा अवार्ड पाउने छन् । ओलम्पियन खेलाडी नारायण गुरुङ र टेनिसको अन्तरराष्ट्रिय वरियता प्राप्त खेलाडी अभिषेक बाँस्तोलालाई विशेष (स्पेशल) अवार्डबाट सम्मान गर्ने निर्णय समेत खेलकुद पत्रकार मञ्च गण्डकीको ३९ औं बैठकले गरेको महासचिव राजाराम पौडेलले जानकारी दिए ।

प्रवेश निःशुल्क रहने अवार्ड कार्यक्रममा चर्चित गायक प्रकाश सपुत, सन्तोष बस्याल, निर्मल दाहाल, नृत्यतर्फ तरेली साँस्कृतिक परिवारको लाठी नाच, कौरा र झ्याउरे नृत्य तथा बि बोइङ गण्डकीको प्रस्तुती समेत रहने महासचिव पौडेलले खुलाए । अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गरेको छ । पोखरा महानगरपालिकाको समन्वयमा हुने कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदले सघाउनेछन् । प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय रहेको छ ।

उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल, वर्ष उत्कृष्ट खेल पत्रकारको पुरस्कार स्व. सेनानी हेमबहादुर पुनको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकीमा बर्सेनि बढ्दै सवारी दुर्घटना

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

कास्कीमा आव २०७७र७८ मा ६४ सडक दुर्घटना भए । दुर्घटनामा ४३ ले ज्यान गुमाए भने ३२ गम्भीर घाइते भए । अर्को वर्ष ९८ दुर्घटना हुँदा ५५ जनाको मृत्यु भयो । ७९ जना गम्भीर घाइते भए । आव २०७९/८० मा एक सय १७ सडक दुर्घटना भए । ४४ जनाले ज्यान गुमाए भने एक सय २३ गम्भीर घाइते भए ।

चालु आवको वैशाख तेस्रो सातासम्ममा भएका ७७ दुर्घटनामा ३५ जनाको मृत्यु भएको छ । गम्भीर घाइते हुनेको संख्या ४९ छ । यो तथ्याङ्कले बर्सेनि सवारी दुर्घटना बढिरहेको देखाउँछ । झण्डै चार वर्षको अवधिमा कास्कीमा भएका सडक दुर्घटनामा परी एक सय ७७ जनाको मृत्यु भएको जिल्ला ट्राफिक कार्यालयले जनाएको छ । कार्यालयका प्रहरी निरीक्षक भानु शर्माका अनुसार पोखरा महानगर र राजमार्ग क्षेत्रमा बढी दुर्घटना हुने गरेको छ । पछिल्लो समय पोखरा-बागलुङ राजमार्गको जिरो किमिदेखि हरिचोक खण्डमा दुर्घटना बढी भएको पाइएको उहाँको भनाइ छ । जिरो किमिदेखि हरिचोक हुँदै हेम्जा जोड्ने सडक चार लेन भएपछि तीव्र गतिका कारण धेरै दुर्घटना हुने गरेको बताइन्छ ।

"दुर्घटनाको मुख्य कारण सवारीसाधनको तीव्र गति हो, चालकले मादकपदार्थ सेवन गरेका कारण पनि सवारी दुर्घटना हुने गरेको छ", प्रहरी निरीक्षक शर्माले भन्नुभयो, "प्रयाप्त सडक बत्ती नहुँदा पनि रातिमा दुर्घटनाको जोखिम बढेको छ, कमसल सडक, यान्त्रिक गडबढी, जभाभावी पार्किङ जस्ता कारणबाट पनि दुर्घटना निम्तने गरेको छ ।"

चौडा र स्तरीय सडकमा चालकले सवारीसाधन तीव्र गतिमा गुडाउँदा दुर्घटना हुने गरेको उहाँले बताउनुयो । दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षा र यातायात सेवाका नियमबारे चालकदेखि पैदलयात्रुसम्म सचेत र संवेदनशील बन्नुपर्ने उहाँको भनाइ छ । ९० देखि ९५ प्रतिशतसम्मको सवारी दुर्घटना चालकको लापरबाहीका कारण हुने गरेका कार्यालयले जनाएको छ । ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ । बढ्दो आवादी, सवारी चाप, ठाउँठाउँमा भइरहेको सडक, नाली निर्माण र विस्तार कार्यले पनि दुर्घटनाको जोखिम बढाएको हो ।

## पारदर्शीता र सुशासन एकअर्काका पूरक : राष्ट्रपति

**रासस**
काठमाडौं, २७ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले पारदर्शीता र सुशासन एकअर्काका पूरक भएको बताउनुभएको छ । उहाँले न्यायोचित ढङ्गबाट कार्यसम्पादन गरिरहनुभएका लेखापरीक्षक राष्ट्रका आर्थिक पहरेदार रहेको बताउनुभयो ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् सङ्घ (एक्यान) द्वारा आज यहाँ आयोजित राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "मुलुकभर सक्रिय लेखापरीक्षककै कारण भएका स्पष्ट हिसाबलाई हामीले आर्थिक सुरक्षाको एउटा पाटोका रुपमा लिन सकेका छौं, हरबखत चनाखो रहेर हिसाब मिलान गर्नु गराउनु नै लेखापरीक्षकको उच्चतम धर्म हो, आफ्नो कर्ममा धर्म नबिर्सनु नै न्याय हो, तसर्थ, न्यायोचित ढङ्गबाट कार्यसम्पादन गरिरहनुभएका लेखापरीक्षक राष्ट्रका आर्थिक पहरेदार हुनुहुन्छ ।" लेखापरीक्षकको सक्रियताका कारण मुलुकमा हुने आर्थिक क्रियाकलापमा पारदर्शिता कायम गर्न योगदान पुगेको विश्वास व्यक्त गर्नुहुँदै राष्ट्रपति पौडेलले सम्बन्धित निकायलाई पारदर्शी र जवाफदेही बनाउन चार्टर्ड एकाउन्टेन्टका विषयमा ज्ञान भएका दक्ष व्यक्तिको आवश्यकता र भूमिका महत्वपूर्ण हुन्छ भन्नुभयो । "कुनै देशले सहयोग गर्दा हेर्ने भनेको त्यो देशको खर्च र हिसाब प्रणालीको पारदर्शिता हो, देशको आर्थिक विकास र राजस्व परिचालनमा विश्वसनीय वातावरणको अभिवृद्धि यसैबाट हुन्छ, विकास निर्माणका ठूलो खर्चमा प्रयोग हुन सक्ने फर्जी बिल र राजस्व छलीको नियन्त्रण लेखापरीक्षणबाटै सम्भव हुन सक्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो । सम्मेलनको उद्घाटन समारोहमा कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले लेखापरीक्षकको भूमिकाको प्रशंसा गर्दै स्पष्ट लेखापरीक्षणको आवश्यकताबारे उल्लेख गर्नुभयो । "विकास निर्माणका नाममा हुने ठूलो खर्चमा प्रयोग हुँदै आएको फर्जी बिल र राजस्व छलीको नियन्त्रण लेखापरीक्षणबाटै सम्भव भएको हो", मन्त्री साहले भन्नुभयो, "यसरी एक्यानले मुलुकको वित्तीय सुशासन, लेखापरीक्षणका माध्यमबाट योगदान दिँदै आएको छ । नयाँ पुस्ताका चार्टर्ड एकाउन्टेटहरुले राष्ट्रको आर्थिक विकासमा लेखाको महत्वका साथै लेखा व्यवसायीलाई बदलिँदो आर्थिक अवस्थाबारे जनचेतना जगाउनुपर्छ, त्यो अत्यन्तै प्रशंसनीय छ ।" एक्यानका अध्यक्ष दिपक पाण्डेले सम्मेलनले देशको आर्थिक सङ्कट र समाधानका विषयमा बहस गर्दै निकासको बाटो खोल्न मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालको अर्थतन्त्रमा सुक्ष्मरुपमा के-कस्ता समस्या देखिएका छन् र त्यसको समाधान के हो भन्ने विषयमा पहिलो सत्रमा छलफल गर्दैछौं । यस्तै नीतिगत सुधार र विकासबारे घनिभूत छलफल गर्दैछौं ।" सम्मेलनमा एक्यानले डा सन्दुक रुइत, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई सम्मान गरेको छ । उक्त सम्मेलनले मुलुकको समृद्धिको र आर्थिक विकासका विषयमा हुने छलफल एवं बहसमा अर्थशास्त्री, उद्योगी, बैंकर्स र नीति निर्मातालगायतको सहभागिता रहने बताइएको छ ।

## कोशी प्रदेश सरकारको मुख्यमन्त्रीमा कार्की नियुक्त


**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

कोशी प्रदेश सरकारको मुख्यमन्त्रीमा हिक्मतकुमार कार्की नियुक्त हुनुभएको छ । कार्की नेपालको संविधानको धारा १६८ को उपधारा ५ बमोजिम मुख्यमन्त्री पदमा नियुक्त हुनु भएको हो ।

उहाँ झापा निर्वाचन क्षेत्र ५ (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको हो । उहाँ नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का ५२ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो । हस्ताक्षरको समयमा जनता समाजवादी पार्टीका निर्मला लिम्बुको पनि उपस्थिति थियो । यसैगरी कोशी


बाँकी अन्तिम पृष्ठमा ▶▶





# पोउवा संघका सदस्यहरुको दुर्घटना बीमा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

पोखरा उद्योग वाणिज्य संघले आफ्ना सदस्यहरुको दुर्घटना बीमा गराएको छ। संघले सदस्यता नवीकरण गरेकाहरुको हकमा एक लाख रुपैयाँ बराबरको दुर्घटना बीमा गराएको अध्यक्ष पनवकुमार प्रजापतिले जानकारी दिए।

अध्यक्ष प्रजापतिका अनुसार हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडसँगमार्फत् गरिएको सो बीमा सम्झौता अनुसार एक वर्षभित्र सदस्यहरुको दुर्घटना भएमा त्यसबापत् बढीमा एक लाख रुपैयाँसम्मको बीमा रकम प्रदान गरिनेछ। सम्झौतापत्रमा संघका अध्यक्ष प्रजापति र हिमालयन एभरेण्ट इन्स्योरेन्सका गण्डकी प्रदेश प्रमुख शिव सुवेदीले हस्ताक्षर गरेका हुन्।

सो अवसरमा संघका पूर्वअध्यक्ष तथा मानार्थ सदस्य बसन्त उदास र राजेन्द्रकुमार लालचन तथा पूर्वअध्यक्ष नारायण कोइरालासहित नेपाल बीमा प्राधिकरणका गण्डकी प्रमुख केशवप्रसाद दाहाल, हिमालयन



एभरेष्ट इन्स्योरेन्सका प्रदेश नियन्त्रक हरिप्रसाद श्रेष्ठसहित संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो।

'उद्योगी/व्यवसायीहरुले व्यक्तिगत रुपले पनि बीमा गराउनुहुन्छ, हामीले चाहिँ हाम्रा सदस्यहरुको हकमा संघको तर्फबाट सानो भए दायित्व निर्वाह गरौं भन्ने हेतुले यो निर्णय गरेका हौं,' अध्यक्ष प्रजापतिले भने, 'नवीकरण गर्नुहुने सम्पूर्ण सदस्यहरुलाई यो कार्यक्रममा समेटिने छ।'

बीमा कम्पनीसँग गरिएको सम्झौता अनुसार दुर्घटनादेखि औषधि उपधारसम्मका सम्पूर्ण सेवाहरु सदस्यहरुले प्राप्त गर्नेछन्। संघले सम्पूर्ण सदस्यहरुको बीमा गरिएकाल संघको सदस्यता लिँदा नागरिकतामा उल्लेख गरिएको नाम थर नै लेख्न पनि सदस्यलाई अनुरोध गरेको छ।

पोखरा उद्योग वाणिज्य संघका सदस्यहरुले चैत मसान्तसम्म आफ्नो सदस्यता नवीकरण गरिसक्नुपर्छ। महासचिव बलराम आचार्यका अनुसार कथंकदाचित छुटेमा अतिरिक्त दस्तुरसहित असार मसान्तसम्म नवीकरण गर्ने समयावधि प्रदान गरिन्छ। नयाँ सदस्यको हकमा चाहिँ संघले बाह्रै महिना सदस्यता प्रदान गर्ने गरेको उनले बताए। स्थानीय कर प्रशासनमा दर्ता गरेको प्रमाणपत्रसहित आवेदन दिनेलाई छानबिनपछि सदस्यता प्रदान गरिने उनको भनाइ छ।

सदस्यहरुलाई थप सुविधा प्रदान गर्ने हेतुले यसअघि नै पोखराको मणिपाल अस्पतालसँग स्वास्थ्य सेवामा १० देखि २५ प्रतिशतसम्म छुटसम्बन्धी सम्झौता, पृथ्वी राजमार्ग बस संचालक कम्पनीसँग बस भाडामा १५ प्रतिशतसम्म छुट र अन्नपूर्ण केलबकारसँग टिकटमा २५ प्रतिशत छुटको व्यवस्था गरिएको संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले जानकारी दिए। त्यसरी छुट लिनको लागि संघको परिचयपत्र भने देखाउनुपर्नेछ।

संघले सदस्यहरुको परिचयपत्रलाई डिजिटल बनाउँदै अझ व्यवस्थित अभिलेखीकरण गर्ने निर्णय गरेको कोषाध्यक्ष दीनेश बास्तोलाले जानकारी दिए। उनले चैत मसान्तसम्म नवीकरण गराउन छुट भएका सदस्यहरुलाई पनि समयमै नवीकरण गराइ यी छुटको उपयोग गर्न आह्वानसमेत गरे।

# महेन्द्र मावि घार्मीको ३४ औं वार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

पोखरा १९ घार्मीस्थित महेन्द्र माध्यमिक विद्यालयको ३४ औं वार्षिकोत्सब विभिन्न कार्यक्रम गरी सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै वडाध्यक्ष पुष्पेन्द् पाण्डेले शैक्षिक संस्थाहरूले समयानुकूल गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने बताउनुभयो। उहाँले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थीहरूको संख्या बर्सेनि घट्दै जानु चिन्ताको बिषय बनेको भन्दै विद्यार्थीको आर्कषण बढाउने तर्फ व्यवस्थापन समितिले कार्ययोजना बनाएर अगाडि बढ्न सुझाव दिनुभयो।

पुर्व वडाध्यक्ष शोभामोहन पौडेलले शैक्षिक गुणस्तर सुधारका लागि सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने धारणा राख्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैकुण्ठ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका वर्ष उत्कृष्ट शिक्षकको रूपमा लक्ष्मी अधिकारी,दिएमा दुवे, चियरमेन



अर्वाडबाट शिक्षक रमेश आचार्य सम्मानित भए।सोहि अवसरमा विद्यालयका संस्थापक प्रधानाध्यापक भोलानाथ पौडेललाई प्रमुख अतिथि पाण्डेले सम्मान गरे।

कार्यक्रममा शिक्षासेवी शान्तिरमण पौडेल, महेश्वर पौडेल, युवा नेता अर्जुन अधिकारी, शिक्षक सुर्यराज घिमिरे, शरद् सापकोटा, रत्ना विश्वकर्मा, विद्यार्थी हेमन्त भुजेल लगायतकाले घार्मीको शैक्षिक उन्नयनमा विद्यालयले खेलेको भूमिकाको उच्च प्रशंशा गरेका थिए। विद्यालयका प्रअ बासुदेव पौडेलले बार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो।

कार्यक्रममा वडा नं १९ का नवआगन्तुक सचिव सुजन शर्मालाई स्वागत समेत गरिएको छ। शैक्षिक, खेलकुद र छात्रवृत्ति समेत वितरण गरिएको कार्यक्रममा विद्यार्थीले गित तथा नृत्य प्रस्तुत गरेका थिए।

शिक्षक रत्ना विश्वकर्माले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सह प्रधानाध्यापक नन्दराज दाहालले गर्नुभएको थियो।

# होमस्टे महासंघ गण्डकीको प्रशिक्षक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ बैशाख

राष्ट्रिय होम स्टे महासंघको आयोजनामा भएको ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ।

एक हप्तासम्म संचालन भएको तालिम समापनको अवसरमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव कुमान सिं गुरुङले होमस्टे राम्रो संग संचालन गर्न सकेमा स्थानिय उत्पादनको खपत वढाउनुका साथै आय आर्जन पनि वढाउन सकिने वताए। उद्योग तथा पर्यटन महाशाखा प्रमुख रामप्रसाद आचार्य, शाखा प्रमुख डम्बर जिसी, प्रमुख प्रशिक्षक सुर्य न्यौपाने, पोखरा २२ की वडा सदस्य कृष्ण कुमारी देवकोटा,



राष्ट्रिय होमस्टे महासंघ नेपालका केन्द्रिय उपाध्यक्ष तथा गण्डकी प्रदेश संयोजक प्रकाश चन्द्र गुरुङ, केन्द्रिय उपाध्यक्ष तथा लुम्बीनी प्रदेश संयोजक धनिश्वर वस्याल, उपाध्यक्ष तथा शिक्षा विभाग प्रमुख उर्मिला गुरुङ, महासचिव कृष्ण चौधरी, कोषाध्यक्ष सुरज वास्तोला, भुम्दी टुनार सामुदायिक होमस्टेका अध्यक्ष राम गुरुङ, भुम्दी आमा समुहकी अध्यक्ष राधा गुरुङ लगायतले वोलेका थिए।

होमस्टे महासंघका गण्डकीका अध्यक्ष धनिराम गैरेको अध्यक्षतामा भएको कार्यक्रमको संचालन निर्वतमान अध्यक्ष हरिलाल पौडेल र स्वागत उपाध्यक्ष मोहन खनालले गरेका थिए।

# पर्यटकलाई सम्मान

**रासस**
गोरखा, २७ बैशाख

मनास्लु हिमालको काँखमा अवस्थित उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकामा बिहीबार ६८औँ मनास्लु हिमाल आरोहण दिवस मनाइएको छ।

गाउँपालिकाको आयोजना तथा मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप)गोरखा र धार्चे मनास्लु पर्यटन विकास समितिको सहआयोजनामा मनास्लु क्षेत्र घुम्न पुगेका पर्यटकलाई सम्मानलगायतका विभिन्न कार्यक्रम गरी दिवस मनाइएको हो। दिवसको अवसरमा मनास्लु क्षेत्र घुम्न पुगेका पर्यटकलाई खाँदा र मालाले सम्मान गरिएको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो। " आजै मनास्लु क्षेत्र घुम्न पुगेका ३५ जना विदेशी पर्यटकलाई मनास्लु हिमाल आरोहण दिवसका बारेमा जानकारी गराउँदै स्वागत र सम्मान गरिएको हो, उहाँले भन्नुभयो, "सम्मानित हुन पाउँदा पर्यटकसमेत निक्कै खुसी भएका छन्।"

गाउँपालिकाको आयोजनामा पहिलो पटक यसवर्ष मनास्लु हिमाल आरोहण दिवस मनाइएको हो। "बिहान ब्यानरसहित स्थानीयकला संस्कृति झल्कने र्‍याली निकालेर मनास्लु हिमाल आरोहण दिवसको प्रचारप्रसारसँगै मनास्लु हिमाललाई प्रकृतिपूजासमेत गरिएको छ, उहाँले भन्नुभयो, "यहाँका स्थानीयले प्रकृति पूजालाई निक्कै महत्वका साथ लिने गर्दछन।" सन् १९५६ मे ९ तारेखका दिन जापानका पर्वतारोहीतो सिओ ईमानिसी र नेपालका पर्वतारोही ग्याल्जेन नोर्वु शेर्पाले पहिलो पटक मनास्लु हिमालको सफल आरोहण गरेको दिनको अवसरमा पारेर दिवस मनाइएको हो।

सोही समयदेखि अन्तर्राष्ट्रिय साहासिक पर्यटनको क्षेत्रमा मनास्लु हिमालको चर्चा चुलिएको पाइन्छ। पर्यटन प्रवर्द्धन र पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा मनास्लु हिमालआरोहण दिवसले महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) गोरखाका प्रमुख सन्तोष शेरचनले बताउनुभयो। "यसबाट सकारात्मक सन्देश प्रवाह गरेर मनास्लु क्षेत्रमा बढीभन्दा बढी पर्यटक यस क्षेत्रमा पदमार्ग र हिमाल आरोहणका लागि भित्र्याउनुपर्छ," उहाँले भन्नुभयो।विश्वको आठौँ अग्लो हिमशृङ्खलाको रुपमा रहेको मनास्लु हिमाललाई 'किलर माउन्टेण्ड' भनेरसमेत चिनिन्छ।

## आठौं ...

परिवार, लाइफटाइम अचिभमेन्ट अवार्ड सुपर मादी हाइड्रो पावर लिमिटेडले प्रायोजन गर्ने सम्झौता भएको छ। प्रवेश निःशुल्क रहने अवार्ड कार्यक्रममा उपस्थित भएर खेलाडी, प्रशिक्षक तथा आयोजकलाई हौसला बढाउन सम्पूर्ण सञ्चारकर्मी र खेलप्रेमीलाई मञ्च गण्डकीले अनुरोध समेत गरेको छ। मञ्च अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव राजाराम पौडेलले समेत अवार्ड कार्यक्रमको तयारीका बारेमा बोलेका थिए।

## कोशी प्रदेश....

प्रदेशका मुख्यमन्त्री कार्कीले पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ।

नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम बिहीबार मुख्यमन्त्रीमा नियुक्त उहाँले कोशी प्रदेश प्रमुख पुरशुराम खापुङ्गसमक्ष पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुभएको छ।

त्यसैगरी बिहीबार नै मन्त्रिपरिषद् समेत गठन गरिएको छ। मुख्यमन्त्री कार्कीको सिफारिसमा गणेशप्रसाद उप्रेती र रामबहादुर मगरलाई विनाविभागीय मन्त्रीमा नियुक्त गरिएको छ।

नवनियुक्त मन्त्रीहरूले समेत नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम प्रदेश प्रमुख खापुङसमक्ष पद तथा गोपनियताको सपथ गराउनुभएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ।

## मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदाः

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

*नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।*


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।

- जर्ज बार्वर

## सम्पादकीय

# कांग्रेसको अलोकतान्त्रिक चरित्र

प्रदेश सभाको दोश्रो कार्यकालको डेढ वर्षमा कोशी प्रदेशको पाँचौं मुख्यमन्त्रीको रुपमा हिक्मतकुमार कार्की नियुक्त भएका छन् । प्रदेशको इतिहासमा नवौं पटकको सरकार गठनका क्रममा उनी तेस्रो पटक मुख्यमन्त्रीमा नियुक्त भएका छन । कार्की यसअघि २०७९ पुस २८ र २०८० भदौ २२ गते गरी दुई पटक मुख्यमन्त्री बनेका थिए । पहिलो पटक उनी एमाले-माओवादी गठबन्धनबाट मुख्यमन्त्री बनेका थिए । दोस्रो पटक भने संविधानको धारा १६८ (२) अनुसार सरकार बन्न नसक्दा सर्वोच्च अदालतको परमादेशबाट उपधारा (३) अनुसार ठुलो संसदीय दलको नेताको हैसियतमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

केन्द्रीय सत्ता राजनीतिमा गठबन्धन अदल-बदल भएसँगै यसपटक पुनः कार्की मुख्यमन्त्रीमा नियुक्त भएका छन । प्रदेश प्रमुख पर्शुराम खापुङले बुधबार नयाँ सरकार गठनको आह्वान गरेअनुसार बिहीबार दिउँसो कार्कीलाई संविधानको धारा १६८ को उपधारा (५) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । मुख्यमन्त्री कार्की र  दुई मन्त्रीले सपथ लिइसकेका छन । कोशी प्रदेश सभाको दोस्रो कार्यकाल अन्तर्गत यो छैटौं सरकार हो । यस्तै व्यक्तिगत हिसाबले कोशी प्रदेशमा मुख्यमन्त्री हुनेमध्येका उनी पाँचौं मुख्यमन्त्री हुन् । प्रदेश सभाको पहिलो कार्यकालमा एमालेका नेता शेरधन राई, भीम आचार्य र नेकपा एकीकृत समाजवादीका नेता राजेन्द्रकुमार राई मुख्यमन्त्री बनेका थिए ।

दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री कार्की आफैं बन्दा दोस्रो र तेस्रोमा कांग्रेस संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्री बने । चौथो मुख्यमन्त्री पुनः उनै हिक्मतकुमार कार्की बनेका थिए भने पाँचौं मुख्यमन्त्री नेपाली कांग्रेसका नेता तथा सांसद केदार कार्की बने । काङ्ग्रेसका केदार कार्की एमालेको समर्थनमा मुख्यमन्त्री बनेका थिए।जस्ले मुख्यमन्त्री बनायो उसैले समर्थन फिर्ता लिएपछि सरकारमै रहन पाउनुपर्छ भन्नू घोर सत्ता लिप्सा हो । बहुमत सदस्यको सनाखत गरेपछि मुख्यमन्त्री भएका हिक्मत कार्कीलाई अपदस्त गरेर आफैलाई  निरन्तरता दिन माग गर्नु अलोकतान्त्रिक हो।बहुमत विना सरकार चलाउन पाउनुपर्छ भनेर मुद्दा मामिला गर्नु रुन्चे तरिका हो। जागिरे कर्मचारीले पदबाट नहटाउन माग गर्न सक्छासरकार बहुमत सांसदको समर्थनमा बन्छ ।

संसदीय प्रणाली मान्ने काङ्ग्रेसले अल्पमतमा पर्दा पनि छोड्न नमान्ने र संसदले दिएको निर्देशन नमान्नु अप्रजातान्त्रिक, अनैतिक र अराजनीतिक हो। यस्तै शैलीले प्रदेशलाई कमजोर बनाउने, खारेजीको माग गर्नेलाई सघाउने काम हो।नेपाली काङ्गेसले अराजक र अलोकतान्त्रिक तरिकाले सरकारमा टिक्नका लागि पार्टीलाई कमजोर बनाउनेलाई प्रोत्साहन दिनु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# उद्योगग्राममार्फत प्राङ्गारिक मल उत्पादन

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ बैशाख

जिल्लाका १० पालिकामध्ये उद्योगग्राम स्थापनामा काठेखोला अघि छ । 'एक पालिका एक उद्योगग्राम' सञ्चालन गर्ने सरकारको योजना रहे पनि बागलुङका केही पालिकाले जग्गासमेत व्यवस्थापन गर्न सकेका छैनन् ।

काठेखोला गाउँपालिकाले उद्योगग्राम सञ्चालन गरी सोहीमार्फत पहिलोपटक प्राङ्गारिक मल उत्पादन गर्न थालेको छ । बागलुङको काठेखोला-७ रेशमा रहेको औद्योगिकग्राममा प्रधानमन्त्रीरोजगारकार्यक्रमअन्तर्गत पहिलोपटक प्राङ्गारिक मल बनाउन थालिएको काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो । "प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एक दर्जन युवाले जङ्गलमा खेर गइरहेको पात, पतिङ्गर र झाडी सङ्कलन गरी पराङ्गारिक मल बनाउन थालिएको छ । पहिलो चरणमा दुई हजार पाँच सय केजी मल बनाउन थालेका छौं । उक्त मललाई रेशको चिया बगानमा प्रयोग गरिने र चियाको उत्पादन बढाउने योजना छ", वडाध्यक्ष लामिछानेले भन्नुभयो ।

जङ्गलको झाडी र पतिङ्गर सङ्कलन गरेर औद्योगिक ग्राममा जम्मा गरी कृषि प्राविधिकको सल्लाहमा प्राङ्गारिक मल बनाउन प्लाष्टिकका ठूला थैलोमा प्याकिङ गरिसकिएको उहाँले बताउनुभयो । उहाँका अनुसार आगमी दुईदेखि तीन महिनाभित्र प्राङ्गारिक मल तयार भइसक्नेछ । प्राङ्गारिक मल उत्पादनमा रेश वडा कार्यालयले प्राविधिक सहयोग गरेको छ भने जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत परिचालन गरिएको हो । आद्यौगिकग्राममा पहिलो उद्योगका रूपमा प्राङ्गारिक मल उद्योग खोल्ने तयारीअनुसार परीक्षणका लागि मल उत्पादन गर्न सुरु गरिएको जनाइएको छ । उद्योगग्राममा आवश्यक टहरा निर्माण, सडक पुऱ्याउने, विद्युतीकरण गर्नेलगायत काम गत वर्ष नै सम्पन्न भइसकेको गाउँपालिका कार्यालयले जनाएको छ। गाउँमा खेर गइरहेको पतिङ्गरलाई मल बनाउन सकिने भएपछि आयातित मलको प्रयोग घटाउने र स्थानीयलाई स्वरोजगार बनाउने उद्देश्यले प्राङ्गारिक मल उत्पादन गरी अर्ग्यानिक कृषि उपज बढाउने योजना बनाइएको वडा कार्यालयले जनाएको छ ।

दुई वर्षदेखि काठेखोला-७ स्थित रेशमा औद्योगिक ग्राम निर्माण थालेको गाउँपालिकाले हालसम्म दुई टहरा निर्माण सम्पन्न भइसकेको जनाएको छ । आवश्यक उपकरण सञ्चालनका लागि विद्युतीकरण गरिएको वडाध्यक्ष लामिछानेले जानकारी दिनुभयो । सङ्घीय सरकारको रु तीन करोड लागतमा निर्माण हुन लागेको औद्योगिक ग्रामसम्म सडक र विद्युत् पुऱ्याइसकिएकाले बनेका संरचनामा प्राङ्गारिक मल उद्योग सञ्चालन गर्न थालिएको उहाँको भनाइ छ । काठेखोला गाउँपालिकाले उद्योग ग्रामका लागि रु ५० करोडको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनाएको छ । अहिले निर्माण भइरहेको संरचनामा सञ्चालन गर्न सकिने स-साना उद्योगहरूको योजना पालिकासँग रहेको बताउँदै वडाध्यक्ष लामिछानेले पालिकाको औद्यिगिकग्राम भए पनि वडास्तरीय स-साना उद्योग स्थापना गर्न थालिएको जानकारी दिनुभयो । उहाँले प्राङ्गारिक मल बनाउन थालेको औद्योगिकग्राममा चिया प्रशोधनसमेत गरिने बताउनुभयो ।

वडाध्यक्ष लामिछानेका अनुसार अहिले रेशमा ३० हजार चियाका बिरुवा उत्पादनका लागि हुर्किरहेका छन् भने पाँच हजार चियाका बिरुवाले उत्पादन दिन थालिसकेका छन् । जङ्गल सफाइ हुने र जङ्गलको झाडीले मलसमेत बन्ने भएपछि यहाँका किसानलाई उत्पादनसँग जोड्न थालिएको प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत प्राङ्गारिक मल बनाउन खटिनुभएका स्थानीय भूमिश्वर थापाले बताउनुभयो । उहाँले अस्थायी रूपमा रोजगारी पाएको भन्दै काम सिकेपछि विस्तारै दीर्घकालीन उपलब्धि हासिल गर्न सकिने बताउनुभयो । युवालाई गाउँमै रोजगारी दिनका लागि औद्योगिकग्रामले ठूलो सहयोग मिल्ने उहाँको भनाइ छ।तीन करोड बजेटमध्ये हालसम्म रु दुई करोड कार्यान्वयनमा गइसकेको गाउँपालिका कार्यालयले जनाएको छ। औद्योगिकग्राम निर्माणपश्चात यहाँ साना, मझौला र ठूला सबै उद्योग सञ्चालन हुने जनाउँदै उद्योग गर्न चाहने स्थानीयलाई समेत पालिकाले प्रोत्साहन गर्नेछ। पहिलोपटक उद्योगग्राममा उत्पादन हुने दुई हजार पाँच सय केजी प्राङ्गारिक मल रेशका वडावासी किसानलाई सुपथ मूल्यमा प्रदान गरिने छ ।


**मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं ३३ निवासी गोपालका नाती, जयस्वर रानाभाटका छोराहरु चन्द्र बहादुर रानाभाट, कुल बहादुर रानाभाट, देव बहादुर रानाभाट र कृष्ण बहादुर रानाभाटको द.नं. ४८९६ मिति २०८०/१/७ को छुट जग्गा दर्ता नामसारी गरिपाउँ माग निवेदनमा कास्की जिल्ला रुपाकोट मौजे जि.मु. नरध्वजको सुरथ बहादुर बस्नेत क्षेत्री जिम्मा, मोहि सुरथ बहादुरका नाममा लगत दर्ता रहेको, कृष्णचन्द्र उपाध्यायबाट राजीनामाले हक हुन आई सर्वे नापीका समयमा रुपाकोट गा.वि.स. वडा नं १ को कि.नं १३१२ क्षे.फ. ४-१२-३-० विरहमा धान सिम जनिएको फिल्डबुकको कैफियत महलमा जायश्वर रानाभाट भएको, जागेश्वर रानाभाटबाट तिरो तिरी भोग चलन गर्दै आएकोमा जायश्वर तथा निजकी श्रीमती सुर्यदेवी रानाभाटको मृत्यु भएकाले हकवाला छोराहरुको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी माग निवेदन प्राप्त भएको, फिल्डबुकका जायश्वर, मृत्यु दर्ताका जाघेश्वर, नागरिकताका जयस्वर र तिरोको जागेश्वर एकै व्यक्ति नभई फरक फरक व्यक्ति भएमा वा जग्गाधनी अन्य व्यक्ति भै मोही जायश्वर भएमा वा उक्त जग्गामा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

इति सम्वत् २०८१ साल वैशाख २५ गते रोज ३ शुभम्
नेपाल सम्वत् ११४४ चैलागा १४ मंगलवार


# गजुरे स्वास्थ्य चौकीलाई एम्बुलेन्स हस्तान्तरण

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ बैशाख

तनहुँको व्यास नगरपालिका-९ स्थित गजुरे स्वास्थ्य चौकीलाई एम्बुलेन्स हस्तान्तरण गरिएको छ ।

नेपालस्थित भारतीय दूतावासले एम्बुलेन्स उपलब्ध गराएको हो । व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले उक्त एम्बुलेन्स स्वास्थ्य चौकीलाई हस्तान्तरण गर्दै जनतालाई सहज र सरल रुपमा एम्बुलेन्स सेवा प्रदान गर्ने उद्देश्यसहित एम्बुलेन्स ल्याउन सहयोग गरेकामा न्यौपानेले भूपू सैनिक प्रति आभार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "सेवा निवृत्तपछि भूपू सैनिकहरुले सामाजिक क्षेत्रमा गरेको योगदान अतुलनीय छ । आगामी दिनमा समेत सामाजिक सेवामा तल्लिन हुनुहोला ।" स्वास्थ्य चौकीलाई एम्बुलेन्स प्राप्त भएपछि वडाका सर्वसाधारणलाई सहज हुने स्वास्थ्य चौकी प्रमुख देविन्द्र कार्कीले जानकारी दिनुभयो । भूपू सैनिकको समन्वयमा एम्बुलेन्स प्राप्त भएसँगै उक्त वडामा तीन एम्बुलेन्स सञ्चालनमा आएका छन् । उहाँले भन्नुभयो, "स्वास्थ्य संस्थासम्म जानका लागि निजी सवारी साधनको भर पर्नुपर्ने अवस्थाको अन्त्य भएको छ । यो वडामा तीन वटा एम्बुलेन्स भएका छन् । वडावासीले सहज रुपमा एम्बुलेन्स सेवा पाएका छन् ।"

यसअघि राजापानी कलेस्ती दिगो समाज र स्याकुन्थोक समाजले दुई वटा एम्बुलेन्स सञ्चालन गरिरहेको छ । व्यास -९ ले गर्भवतीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिरहेको वडाध्यक्ष सुरेश थापाले जानकारी दिनुभयो ।

त्यस्तै ६८ वर्षमाथिका ज्येष्ठ नागरिकलाई एम्बुलेन्स निःशुल्क उपलब्ध गराइएको उहाँले बताउनुभयो ।

# तीस लाखको लागतमा बिपी मैदानमा प्यारापिट निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ बैशाख

जिल्लाको व्यास नगरपालिका-३ बिपी वनबाटिका खेलमैदानमा 'इलेभेन ए साइड' खेलमैदानमा दुई सय ५० जना दर्शक बस्नसक्ने प्यारापिट निर्माण भएको छ ।

व्यास नगरपालिकाको रु ३० लाख आर्थिक सहयोगमा एक हजार एक सय २७ वर्गफिट क्षेत्रफलमा निर्माणाधीन प्यारापिटको ७५ प्रतिशत काम पूरा भएको छ । प्यारापिटले दर्शकलाई घामपानीबाट बचाउँछ , उक्त खेलमैदानलाई फुटबल, भलिबल, टेबल टेनिस, ब्याडमिन्टन, बास्केटबललगायत खेल प्रतियोगिता सञ्चालन गर्ने लक्ष्य रहेको बिपी वनबाटिक खेलमैदान निर्माण समितिका अध्यक्ष भुवन गोशलीले बताउनुभयो । यसअघि भिमाद नगरपालिका-६ क्याम्पस रोडस्थित रङ्गशालामा प्यारापिट निर्माण भएको थियो ।

तीन हजार दर्शक क्षमताको उक्त प्यारापिट कूल रु ५२ लाख ८४ हजार दुई सय लागतमा निर्माण भएको हो । प्यारापिट बनाउन भिमाद नगरपालिकाको रु ४६ लाख ८० हजार र स्थानीयले रु छ लाख चार हजार दुई सय सहयो गरेका थिए ।

# तनहुँ कारागारमा क्षमताभन्दा बढी बन्दी

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ बैशाख

जिल्ला कारागारमा तीन सय २३ कैदीबन्दी छन् । दैनिकरुपमा कैदीबन्दी थपिने क्रम बढेसँगै व्यवस्थापनमा समस्या भएको कारागार प्रशासनले जनाएको छ ।

कारागारका प्रमुख नारायणप्रसाद अधिकारीका अनुसार हाल एक सय ६८ कैदी र एक सय ५५ थुनुवा गरी तीन सय २३ जना कारागारमा छन् । कारागारमा महिलातर्फ २० र पुरुषतर्फ एक सय १४ जनाको क्षमता रहे पनि क्षमताभन्दा बढी कैदीबन्दी व्यवस्थापन गर्नुपरेको छ ।

कारागारमा कर्तव्य ज्यानका ४८, ज्यान मार्ने उद्योगका दश, सवारी ज्यानका २३, चोरीका ३२, बहुविवाहका पाँच, लागुऔषधका ६९, डाकाचोरीका १३, ठगीका तीन, मानव बेचबिखनका चार, जबर्जस्ती करणीका ९०, जबर्जस्ती करणी उद्योगका सात, अपहरणका तीन, भ्रष्टाचारका एक, हातहतियार खरखजानाका चार र अन्य नखुलेका ११ कैदीबन्दी छन् ।

# स्थानीय जातको कालो सुँगुर जोगाउनै मुस्किल

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ बैशाख

बागलुङको काठेखोला गाउँपालिका-४ तङ्ग्राम मगरको बाक्लो बस्ती भएको ठाउँ हो । मगरको घरैपिच्छे पालिँदै आएको स्थानीय जातको कालो सुँगुर अहिले कमै पाइन्छ । घरैपिच्छे पालिने कालो सुँगुर अहिले फ्चाट्टफुट्ट मात्रै देखिन थालेको छ ।

पुर्खादेखि पालिँदै आएको कालो तङ्ग्रामे सुँगुरको बीउ जोगाउनै मुश्किल परेपछि यहाँका एक युवाले विदेशबाट फर्केर कालो सुँगुरको व्यावसायिक पालन थाल्नुभएको हो । परम्पराकालदेखि तङ्ग्रामका मगरले पाल्दै आएको कालो सुँगुर आयातित बङ्गुरको पाठापाठीका कारण लोप हुने अवस्थामा आएको हो । व्यावसायिकरूपमा आयातित बङ्गुरपालन र कृत्रिम गर्भाधारणको चलन आएपछि यहाँको स्थानीय जातको कालो सुँगुर लोप हुन थालेको छ ।

यहाँका स्थानीय जातको कालो सुँगुर हराउने अवस्था आएपछि व्यावसायिक बनाउने सोचमा पाँच वर्षदेखि तङ्ग्राम धारा गाउँ निवासी ४२ वर्षका भुवनबहादुर थापा लाग्नुभएको छ। उहाँको काफालबोट पशुपन्छी तथा कृषि फार्ममा अहिले एक दर्जन कालो सुँगुर छन् । करिब १० वर्ष मलेसियामा बस्नुभएको थापाले कालो सुँगुरलाई व्यावसायिक बनाउने योजनामा रहे पनि पाठापाठी बचाउनै हम्मे परेको उहाँको भनाइ छ । "दश वर्ष मलेसिया बसेर फर्किए, तङ्ग्रामको रैथाने कालो सुँगुर देखिनै छाड्यो, पहिला घरघरमा पाइने कालो सुँगुर अहिले परम्परा धान्ने काममा मात्रै पाल्दै आएको देखेपछि पाठापाठी जोड्दै पाँच वर्षयता तङ्ग्रामे स्थानीय जातको कालो सुँगुर पाल्दै आएको छु", थापाले भन्नुभयो, "खासगरी यसको मुख्य समस्या भनेको पाठा बचाउनै समस्या भएको छ, जन्मेको दुई दिनमै पाठापाठी मर्ने निकै समस्या छ, १२ पाठापाठी जन्मेकामा मुश्किलले दुई तीन वटामात्रै बाँच्छन् ।" पशु प्राविधिबाटसमेत पटकपटक पाठापाठी बचाउने प्रयास भए पनि समस्या भइरहेको उहाँको भनाइ छ ।

कृत्रिम गर्भाधारणका कारण अहिले आयातित बङ्गुरपालनले गाउँका रैथाने जातको कालो सुँगुर पाइन छाडेपछि कालो सुँगुरको भाउसमेत उच्च रहेको छ । काठेखोला-४ तङ्ग्रामका पशु प्राविधिक लक्ष्मण थापाले स्थानीय जातको सुँगुर संरक्षणमा चुनौती रहेको बताउनुभयो । उहाँले उक्त जातको सुँगुर अन्त नपाइने भएकाले हाडनाता गर्भाधारणका कारण पाठापाठीमा समस्या आइरहेको बताउनुभयो ।

पाँच पुस्ता फरक पर्नेगरी गर्भाधारण गराउनसकेमा मात्रै राम्रो पाठापाठी उत्पादन गर्न सकिने पशु प्राविधिकको भनाइ छ । "आयातित सुँगुरबाट गर्भाधारण गराउँदा स्थानीय जात लोप हुन्छ, चार-पाँच पुस्ता फरक पारेका बङ्गुरबाट गर्भाधारण गराउन किसानलाई आग्रह गर्दै आएको छु", पशु प्राविधिक थापाले भन्नुभयो ।

स्थानीय कालो सुँगुरको मासु थोरै हुने र पाल्न धेरै समय लाग्ने भएकाले व्यावसायिक बङ्गुरपालनमा यहाँका मगर समुदाय लागेपछि स्थानीय सुँगुर ओझेलमा परेको हो । उहाँले हालसम्म सुँगुरपालनमा रु पाँच लाख लगानी गरेको जनाउँदै गाउँपालिकाले रु एक लाख ५० हजार अनुदानसमेत दिएको किसान थापाले बताउनुभयो ।

"बङ्गुरको मासु प्रतिकिलो रु चार सयदेखि पाँच सयसम्ममा पाइन्छ, कालो सुँगुरको मासुलाई प्रतिकिलो रु छ सय पर्दछ, तर मासुसमेत पाउनै मुश्किल छ", उहाँले भन्नुभयो, "मैले कालो सुँगुर नकाट्दै माग आइसकेको हुन्छ, कालो सुँगुरको मासु बजार पठाउन सकेको छैन, फार्म विस्तार गरेर ५० वटा माउ सुँगुर पालेपछि बजार पठाउने हो, विस्तारै व्यावसायिक बनाउँदै लैजानसके बजारको माग थेग्न सकिएला ।"

स्थानीय क्षेत्रमा पाइने कर्कलो, मोही र छोक्रा धानको भुस खुवाएर सुँगुर पाल्न सकिने थापाको भनाइ छ । एउटै बङ्गुर एक सय किलोभन्दा धेरै हुने भए पनि स्थानीय जातको सुँगुर अधिकतम ३० किलोसम्मको मात्रै हुने गरेको छ । स्थानीय जातको सुँगुर संरक्षणका लागि गाउँपालिकाले थापालाई प्रोत्साहन गर्दै आएको काठेखोला-४ तङ्ग्रामका वडाध्यक्ष लक्ष्मण पुनले बताउनुभयो ।

# झाँगाझोलीलाई जडीबुटीको 'शैक्षिक हब' बनाइँदै

**सानेबहादुर नेपाली**
तनहुँ, २७ बैशाख/रासस

जिल्लाको शुक्लागण्डकी नगरपालिका-६ स्थित झाँगाझोलीमा गौरादेवी प्राकृतिक जडीबुटी उद्यान स्थापना गरिएको छ। नेपालमा पाइने सबै किसिमका जडीबुटी लगाएर यस क्षेत्रलाई शैक्षिक अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्न लागिएको हो।

करिब पाँच रोपनी क्षेत्रफलमा दुई सय बढी विभिन्न प्रजातिका जडीबुटीका नामसहित बिरुवा रोपिएको छ। यसले यहाँ घुम्न आउने मानिसलाई जडीबुटी, वनस्पतिलगायतका बिरुवाका बारेमा जानकारीमा सहज हुने बताइएको छ। यस स्थानलाई शैक्षिक हबका रूपमा प्रवर्द्धन गर्ने लक्ष्यसहित अभियान अघि बढाइएको झाँगाझोली एग्रो टुरिजम प्रालिका सञ्चालक उज्वल पौडेलले जानकारी दिनुभयो। उक्त उद्यानमा रुद्राक्ष, कुरिलो, तेजपात, श्रीखण्ड, बेल, अश्वगन्धा, असुरो, पाखनबेद, तुलसी, नीम, बोझो, टिमुर, लोडसल्लालगायतका महँगा र औषधिजन्य जडीबुटी लगाइएको छ। विशेष तरिकाले निर्माण गरिएको उद्यानमा विभिन्न जातका जडीबुटी र वनस्पति रहेका छन्। सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-३ झाँगाझोली निवासी ८९ वर्षीय गौरादेवी दाहालको नाउँमा उक्त उद्यान स्थापना गरिएको हो।

पौडेलका अनुसार करिब रु एक करोड ५० लाखको लागतमा जडीबुटी उद्यान तथा विभिन्न अस्थायी संरचना स्थापना गरिएको छ। जडीबुटीलगायत अवलोकनका लागि हात्ती, गैंडा, बाघ, घोडालगायतका विभिन्न जातका पक्षी र जनावरका आकर्षक मूर्ति निर्माण गरिएको छ। खोलाको वरपर रहेको जङ्गलको हरियाली र चुराचुरुङ्गीको आवाजले झाँगाझोली क्षेत्रमा घुम्न आउने पर्यटक लठ्ठ हुने गर्दछन्। अहिले यस स्थानमा सार्वजनिक बिदाका दिनमा पाँच सय बढी र अन्य दिनमा एक/दुई सयका हाराहारीमा आन्तरिक पर्यटक घुम्नका लागि आउने गर्दछन्। त्यसैगरी ५० भन्दा बढी प्रजातिका फलफूलका बिरुवा लगाएर फलफूलको नामसहितको सुन्दर बगैँचासमेत स्थापना गरिएको छ। दुई सय बढी लोपोन्मुख चिनारीसहितको सङ्ग्राहलयसमेत सञ्चालन गरिएको छ। धेरै जातका जडीबुटी र फलफूलका बिरुवा एकै स्थानमा देख्न र चिन्न सकिने भएकाले पर्यटक गन्तव्यस्थलको रूपमा परिचित हुँदैछ। विभिन्न देवीदेवता, वन्यजन्तुहरूको मूर्ति निर्माण गरी जानकारी लिनका साथै घुम्न आउने विद्यार्थीलाई ज्ञान दिइने लक्ष्य रहेको छ। रूद्र कुण्ड, रूद्र घण्ट मठमन्दिरसमेत रहेको गौरादेवी यस उद्यानबाट पर्यटकले भरपुर मनोरञ्जन लिन सक्छन्। पारिवारिक वातावरणमा अर्ग्यानिक खाना र आरामदायी बसाइका लागि समेत उत्कृष्ट गन्तव्य बनेको सञ्चालक पौडेलको भनाइ छ।

**सिन्धुलीको झाँगाझोलीदेखि तनहुँको झाँगाझोलीसम्म**

तनहुँको शुक्लागण्डकी नगरपालिकामा रहेको झाँगाझोली र सिन्धुलीको सुनकोशी गाउँपालिकामा रहेको झाँगाझोली धार्मिक तथा पर्यटकीय गन्तव्यको रूपमा परिचित छन्। सिन्धुली झाँगाझोली क्षेत्रका नेपालथोक, दुम्जा, झाँगाझोली गुठबजार, रातमाटा, बोहोरेटार, रामटार, पत्थुरी, मुलकोट, गैरीपुछार, खाल्टेचैनपुर, शितलपाटीजस्ता बीपी राजमार्गमा पर्ने क्षेत्रहरू मात्र होइन, झाँगाझोली आसपासका क्षेत्रहरू परेवाडाँडा, नागेडाँडा, थुम्का, काशीखर्क, खहरे, बन्दीपुर, कोटगाउँ, सिरूवानी, सिम्ले, रानीछाँगा, अमारेजस्ता पर्यटकीय हिसाबले विशेष महत्व राख्ने क्षेत्र हुन्। दुई जिल्लामा रहेका झाँगाझोली एकापसमा भावनात्मक रूपले समेत जोडिएका छन्। झाँगाझोली एग्रो टुरिजम प्रालिले सिन्धुलीको झाँगाझोली र तनहुँको झाँगाझोली बीचको सम्बन्धलाई सुमधुर बनाई मुलुकमा कृषि र पर्यटन क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने लक्ष्य लिएको छ। दुई झाँगाझोली बीचको एकरूपता र समानताले दुवै झाँगाझोलीको पर्यटन प्रवर्द्धनमा नयाँपन ल्याउने सम्भावना रहेको छ। बीपी राजमार्गमा पर्ने झाँगाझोलीमा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक मठमन्दिर समेतका सम्पदाहरू समेटेर तनहुँ झाँगाझोलीको परिकल्पना गरिएको सञ्चालकहरू बताउँछन्।

पछिल्लो समय तनहुँको झाँगाझोली आन्तरिक पर्यटकहरूको प्रमुख रोजाइमा पर्न थालेको छ। भौगोलिक बनावट, प्राकृतिक सुन्दरता र पर्यटन प्रवर्द्धनको नयाँ प्रयोगले पनि पर्यटकहरूको झाँगाझोली मोह बढ्न थालेको अर्का सञ्चालक शङ्करप्रसाद अधिकारीले बताउनुभयो। शैक्षिक, धार्मिक, मनोरम दृश्यावलोकनले तनहुँ झाँगाझोली अवलोकनको लागि दैनिक सयौं पर्यटकको पहिलो प्राथमिकतामा पर्न थालेको छ।

सुनकोशी गाउँपालिका सुनकोशी नदीको नामबाट नामाकरण भएको हो। शुक्लागण्डकी नगरपालिका पनि नदीकै नामबाट नामाकरण भएको पाइन्छ। एकताका प्रतीक पृथ्वीनारायण शाहको नामबाट नामाकरण भएको पृथ्वी राजमार्गमा पर्ने तनहुँ झाँगाझोली र जननेता बीपी कोइरालाको नामबाट नामाकरण भएको बीपी राजमार्गमा पर्ने सिन्धुली झाँगाझोलीबीच समानता र एकरूपता धेरै रहेका छन्।

तनहुँको झाँगाझोलीदेखि दरगाउँ जोड्ने मोटर मार्ग स्तरोन्नतिका लागि सङ्घीय सरकारले रु ३५ लाख बजेट विनियोजन गरेको छ। यही मार्ग हुँदै प्रसिद्ध धार्मिकस्थल तीनखोले मन्दिर जाने वैकल्पिक मार्गको रूपमा विकास गर्न लागिएको छ। पृथ्वी राजमार्गको खैरेनीटारबाट करिब पाँच किमी दूरीमा झाँगाझोली पुग्न सकिन्छ।

झाँगाझोलीको अगाडि भाग भएर बग्ने कुम्ले खोलाको मध्यभागमा कृत्रिम बाँध बाँधेर ताल बनाउनका लागि सम्भाव्यता अध्ययन भैरहेको छ।

जिल्लाको शुक्लागण्डकी नगरपालिकाभित्र सात सय रोपनी क्षेत्रफलमा जी.पी.कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र केन्द्रीय अस्पतालको रूपमा स्थापना गरी सञ्चालनमा ल्याएको छ। नेपाल सरकारले सात सय शयूया र भारत सरकारले तीन सय शयूयाको आधुनिक उपकरणसहित पूर्वाधार निर्माण गर्ने गरी एक हजार शयूया क्षमताको अत्याधुनिक अस्पताल निर्माण गर्न लागेको छ।

नेपालमा रहेका सातवटै प्रदेशका विशिष्टीकृत सामानहरूको बिक्री एवं प्रदर्शन केन्द्र स्थापना गरी आंशिक रूपमा सञ्चालनमा आएको छ। पूर्ण रूपमा कोशेली घर सञ्चालन हुन केही समय लाग्ने सञ्चालकहरू बताउँछन्। सिन्धुली झाँगाझोली क्षेत्रमा पर्ने ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाका बारेमा जानकारी दिने उद्देश्यले सूचना कक्ष निर्माण गरिएको छ। सूचना कक्षमा झाँगाझोली क्षेत्रमा पर्ने विविध विषयका बारेमा ब्रोसर, मूर्ति, सङ्ग्राहलयमार्फत घुम्न आउने पर्यटकले जानकारी लिने गरेका छन्।

# नागरिकमैत्री सामाजिक सुरक्षा

**रासस**
बागलुङ, २७ बैशाख/रासस

असारको महिना। सिमसिम पानी परिरहेको थियो। गाउँमा खोलाको पानी ल्याएर रोपाइँ गर्ने चटारो थियो। पुर्खौली सिँचाइ कुलो साँघुरो भएकाले गाउँले मिलेर खोलाबाट खेतसम्मको कुलो सरसफाईको काममा खटिरहेका थिए।

उक्त घटना २०७२ सालको हो। रेश नुन्थलाको फाँटमा आउने सिँचाइ कुलो मर्मत भइरहेका बेला माथिबाट आएको पहिरोले गाउँका केही किसान च्यापिए। समूहमा काम गरिरहेकामध्ये पहिरोले च्यापिनेमा हुनुहुन्थ्यो झुपा थापा।

केहीबेर अघिसम्म कुलोमा रहेको ढुङ्गामाटो पन्छाउन कस्सिनुभएकी झुपाका हात नचल्ने भए। खुट्टा च्यापिएर भाचिँए। टाउको र जीउभरि चोटैचोट लाग्यो। कुलोमै रहेका अरु गाउँलेले झुपालाई अँठिएको अवस्थाबाट उद्धार गरेर तत्कालै अस्पताल पुर्याइयो। केही दिन अस्पताल राखेर फलामको रडको सहयाताले उहाँका हातखुट्टा चल्ने बनाइयो। अहिले झुपाका हातगोडा घटना हुनुअघिको जस्तो चल्दैनन्। उहाँ अहिले अपाङ्गता भएकी व्यक्तिको समूहमा पर्नुहुन्छ।

काठेखोला गाउँपालिका-७ रेशकी झुपा थापा विपत्तिमा परेर घाइते भएपछि उहाँले निकै कष्टका दिन काट्नुभयो। घरखर्च चलाउनका लागि श्रीमान् विदेशिएपछि दुई सन्तानको लालनपालन र पठनपाठन उहाँकै काँधमा थियो। जीविकोपार्जनसँगै घर खर्च, छोराछोरी पढाइ र अन्य व्यवहार उहाँको कर्तव्य बनेर आयो। अपाङ्गतासँग जुधिरहनुभएकी झुपालाई समाज, चालचलन र परिस्थितिसँगै जुध्नुपर्ने थियो। काठेखोला गाउँपालिकाले उहाँलाई 'ग' वर्गको अपाङ्गता परिचयपत्र दिएको छ। सरकार र समाजले अपाङ्गता भएका व्यक्तिका लागि दिने सुविधा झुपाले सोही परिचयपत्रको प्रयोगमार्फ लिँदै आउनुभएको छ।

श्रीमान् विदेशबाट फर्केपछि परिवारको खर्च चलाउने बाटो ज्याला मजदुरी र खेती किसानी हो। शरीरभरि रडको जालो भएकाले झुपाले पहिलेको जस्तो काम गर्न सक्नुहुन्न। जसोतसो खेतीपाती र ज्याला मजदुरीबाट परिवारको खर्च व्यवस्थापन हुँदै आएको उहाँले बताउनुभयो।

नजिकको सरकारले यसरी सामाजिक सुरक्षामा ध्यान दिएर आफूलाई कमाउने कला सिकाउला भन्ने कल्पना नि नगरेको झुपाको भनाइ छ। अहिले स्थानीय सरकारले दिएको कमाउने कला (सीप) मार्फत परिवारको खर्च जुटाउन सक्षम भएकामा उहाँले खुसी व्यक्त गर्नुभयो।

'क' र 'ख' वर्गको अपाङ्गता भएका व्यक्तिलाई मासिक भत्ता दिने गाउँपालिकाले अरु अपाङ्गता भएका व्यक्तिका लागि सीप र बीउपुँजी दिने गरेको छ। वडा कार्यालयले गरेको सिफारिसका आधारमा गाउँपालिकाले आम्दानीसँग जोडिनेगरी सीप र बीउपुँजी दिने गरेको हो। झुपाले बाख्रापालन थाल्नुभएको छ। गत आर्थिक वर्षमा गाउँपालिकाले उहाँलाई बीउँपूजी स्वरुप माउ बाख्रा निःशुल्क उपलब्ध गराएको थियो। गाउँपालिकाले दिएको बाख्राले एकै बेतमा तीनवटा पाठा पाएपछि काम गर्न थप उत्साह मिलेको उहाँको भनाइ छ।

छ महिनामै झुपाले छ महिनालाई पुग्ने घरखर्चको जोहो गर्नुभयो भने माउबाख्रा पनि थप्नुभयो। गत आवमा गाउँपालिकाले झुपालगायत पालिकाभित्र अपाङ्गता भएका व्यक्तिका लागि बिउँपूजी माउ बाख्रा निःशुल्क उपलब्ध गराएको थियो। गाउँपालिकाले दिएका बाख्रा सबै अपाङ्गता भएका व्यक्तिहरूले पालेका छन्। केहीले राम्रो आम्दानी गरेका छन् भने कसैको औषत प्रगति गरिरहेका गाउँपालिकाका उपाध्यक्ष तेजबहादुर थापा (तिलक)ले बताउनुभयो। "सामाजिक सुरक्षा हाम्रो दायित्व हो। हामीले भत्ता मात्रै होइन आम्दानी गर्ने बाटो पनि सिकाउँछौँ भनेर लागेका छौँ", उहाँले भन्नुभयो, "माछा मारेर खान दिने होइन माछा मार्न सिकाउने अभियानमा हामी लागेका छौँ।" झुपालगायत गाउँपालिकाका 'ग' वर्ग भन्दामाथिका अपाङ्गता भएका व्यक्तिहरूको प्रगति देखेर गाउँपालिकाले थप सीपमूलक योजना बनाइरहेको जनाएको छ। गाउँपालिकाले अपाङ्गता भएका व्यक्ति, न्येष्ठ नागरिक र पछि परेका समुदायलाई विशेष योजना बनाएर काम गर्दै आएको गाउँपालिकाका अध्यक्ष राजु थापाले बताउनुभयो। मेहनत गर्न सक्नेहरूका लागि बीउपुँजी, सीप र प्रविधि हस्तान्तरण गर्ने, नसक्नेहरूका लागि जीवन निर्वाह गर्ने वातावरण मिलाउने काममा पालिका लागेको उहाँको भनाइ छ। पछि परेका समुदायकालाई उत्पादनसँग जोडेर आम्दानी गर्ने वातावरण बनाइएको अध्यक्ष थापाले जानकारी दिनुभयो।

# तनहुँमा चलचित्र निर्माण कार्यशाला

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ बैशाख

जिल्लाको भिमाद नगरपालिका-२ रघुगाउँमा मगर चलचित्रकर्मी सङ्घको आयोजनामा प्रयोगात्मक चलचित्र निर्माण कार्यशाला सम्पन्न भएको छ।

दोस्रो विश्वयुद्धमा रणकौशल प्रदर्शन गरेर भिक्टोरिया क्रसबाट सम्मान्ति नेत्रबहादुर थापा मगरको गाउँलाई प्रवर्द्धन तथा आदिवासी चलचित्रकर्मीलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजित कार्यशालामा छवटा लघु चलचित्र निर्माण गरिएको छ। चलचित्र विकास बोर्डको आर्थिक सहयोग तथा आदिवासी जनजाति चलचित्र महासङ्घको सहकार्यमा कार्यशाला आयोजना गरिएको हो। कार्यशाला उद्घाटनसत्रमा भिमाद नगरपालिका-२ रघुगाउँका अध्यक्ष दिनेश थापा मगरले यहाँ आयोजित कार्यशालाको माध्यमबाट रघुगाउँको प्रवर्द्धन हुनुका साथै हाम्रा संस्कार, संस्कृति चलचित्रमा उतारिएको बताउनुभयो। पाँचदिने कार्यशालामा आदिवासी जनजाति महासङ्घमा आबद्ध चलचित्रकर्मीमध्ये बाराबाट खगेन्द्र थामी, चितवनबाट नेत्र गुरुङको सहभागिता रहेको थियोभने कुमाल समुदायबाट छविलाल कुमाल सहभागी हुनुभएको थियो। पच्चीस सहभागीमध्येबाट छनोट भएका छवटा कथा समेटेर रघुगाउँका विभिन्न ठाउँमा छायाङ्कन गरिएको थियो।

# अठार वर्षपछि सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ बैशाख

जिल्लाको मालिका गाउँपालिका-६ दरवाङको उपल्लो बजारको बाटो १८ वर्षपछि कालोपत्र भएको छ।

पूर्वाधार विकास कार्यालयले उपल्लो दरवाङको जनप्रिय माविको भवनदेखि बेनी-दरवाङ सडकमा जोडिने उपल्लो दरवाङ बजारको भित्रि सडक कालोपत्र गरेको हो।

उपल्लो दरवाङका बासिन्दा हीराबहादुर पुनले करिब दुई दशकअघि खुलेको उपल्लो दरवाङको सडक कालोपत्र भएपछि हिलो र धुलोबाट मुक्ति मिलेको बताउनुभयो। "बर्खामा हिलो र हिउँदमा धुलोले सताएको थियो", उहाँले भन्नुभयो, "सडक कालोपत्र भएपछि स्थानीयवासीलाई सहज भएको छ।" तीव्ररुपमा बस्ती विकास भइरहेको उपल्लो दरवाङमा २०६३ मा स्थानीयवासी र तत्कालीन गाविसको बजेटबाट सडक खोलिएको थियो। यहाँ एक सय घर छन्। उपल्लो दरवाङको सडक कालोपत्र गर्न गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थापन मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/०८१ मा रु ६५ लाख बजेट विनियोजन भएको थियो। गत पुसमा रु ५८ लाखमा ठेक्का सम्झौता गरेको सक्षम निर्माण सेवाले दुई सय ५० मिटर दूरीमा प्रिमिक्स प्रविधिको कालोपत्र र एक सय मिटरमा पक्की नाली निर्माण गरिसकेको पूर्वाधार विकास कार्यालय म्याग्दीका सव इञ्जिनियर रविन चोखालले बताउनुभयो।

मालिका गाउँपालिकाले सो सडकमा यसअघि करिब चार सय मिटर पक्की नाली निर्माण गरेको थियो। यसअघि गाउँपालिकाको कार्यालयदेखि वडा कार्यालय र उपल्लो दरवाङ जोड्ने सडक ढलान गरिएको थियो।

# 'मार्किङ पोल' ढलेपछि मनास्लु पदमार्गमा पर्यटकलाई समस्या

**पोखरापत्र संवाददाता**
गोरखा, २७ बैशाख

उत्तरी गोरखाको मनास्लु क्षेत्रअन्तर्गत माथिल्लो मनास्लु पदमार्गका विभिन्न ठाउँमा राखिएका 'मार्किङ पोल' ढलेपछि पर्यटक र पथप्रदर्शकलाई हिँडडुल गर्न समस्या भएको छ।

बाटो देखाउन पदमार्गमा राखिएका 'मार्किङ पोल' कतै ढलेका र कतै भाँचिएका कारण लार्के बजारदेखि माथि हिमपात परेका बेला गन्तव्यमा पुग्न पर्यटक र पथप्रदर्शकलाई कठिन हुने गरेको हो। "हिमपातका बेला पदमार्ग पत्ता लगाउन पथप्रदर्शकले 'मार्किङ पोल'को सहायता लिनुपर्छ", "लामो समयदेखि मनास्लु क्षेत्रमा पथप्रदर्शकका रूपमा काम गर्दै आउनुभएका सूर्य खनालले भन्नुभयो, "तर लार्के बजारमाथि राखिएका मार्किङ पोल ढलेको, भाँचिएको र अक्षर मेटिएको अवस्था छ।"

हिमपात नपरेका बेला बाटो देख्न सकिने भएकाले आवतजावत गर्न गाह्रो नहुने भए पनि हिमपातले बाटो पुरिएका बेला 'मार्किङ पोल' बिनाअनुमानका भरमा जोखिम मोलेर पर्यटकलाई पथप्रदर्शकले हिँडाउनुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ। धर्मशाला, लार्केपासदेखि भिम्ताङसम्मका पदमार्गमा मार्किङ पोल अस्तव्यस्त रहेको उहाँले बताउनुभयो। पछिल्लो समय विदेशी पर्यटकको अत्यधिक रोजाइमा पर्दै आएको मनास्लु पदमार्गमा दैनिक सयौँ विदेशी पर्यटकले पदयात्रा गर्ने गर्दछन्। "मनास्लु पदमार्ग आफैँमा पनि जोखिमयुक्त पदमार्ग नै हो", उहाँले भन्नुभयो, "जोखिमपूर्ण यात्रा गर्नुपर्ने पदमार्गमा झनै 'मार्किङ पोल' नहुँदाको कठिनाइ पथप्रदर्शकलाई थपिएको छ।"

पदमार्गमा राखिएका मार्किङ पोल बीचको दूरीसमेत निक्कै टाढाटाढा रहेको छ। "पथप्रदर्शकलाई हिमपातका बेला बाटो पहिल्याउने साहारा भनेकै 'मार्किङ पोल' हो", पथप्रदर्शक खनालले भन्नुभयो, "जसको सहायताले बाटो खोज्दै हिँड्नुपर्छ त्यहीँ नभएपछि समस्या हुने नै भयो।" पोल ढलेको विषयमा पटकपटक कार्यालयलाई जानकारी गराइएको भए पनि बेवास्ता गरेको उहाँको भनाइ छ। "बजेट अभाव भएको भए पनि ढलेका पोललाई यथास्थानमा गाड्ने तथा अक्षर मेटिएको बोर्डमा लेख्ने काम मात्र गरे पनि निक्कै सहज हुने थियो", अर्का पथप्रदर्शक किशोर न्यौपानेले भन्नुभयो।

मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) का सूचना अधिकारीसमेत रहनुभएका संरक्षण अधिकृत भुवनराज ओझाले ढलेका पोल पुनःगाड्ने तथा भाँचिएका पोलको ठाउँमा नयाँ पोल राख्ने तयारी भइरहेको जानकारी दिनुभयो। उहाँले मार्किङ पोलको सहायताले हिउँ परेका बेला पर्यटक र पथप्रदर्शकले बाटो पहिचान गरेर हिँड्नुपर्ने भएकाले मार्किङ पोल अनिवार्य रहेकोसमेत बताउनुभयो। "कार्यालयबाट कर्मचारी खटाएर कुन ठाउँमा कति मार्किङ पोल आवश्यक पर्छ, भनेर डाटा निकाली सकेका छौँ", उहाँले भन्नुभयो, "भाँचिएको र दूरी टाढा रहेका ठाउँमा नयाँ पोल राख्ने र ढलेका पोल उठाएर साविकै ठाउँमा गाड्ने गरी काम सुरु गर्न लागिएको छ।" अधिकृत ओझाले आउँदो असार मसान्तसम्म सबै काम सम्पन्न गर्ने बताउनुभयो। भौगोलिक जटितलाका कारण ढलेका पोल उठाउन र भाँचिएको पोलको ठाउँमा नयाँ राख्न ढिलाइ भएको उहाँले दाबी गर्नुभयो। माथिल्लो मनास्लु पदमार्गको जगतदेखि मनास्लु आधार शिविरसम्म ८१ 'मार्किङ पोल' रहेका छन्।

# पर्वतका ९१ साना उद्योग बन्द

**पोखरापत्र संवाददाता**
पर्वत, २७ बैशाख

कोरोना महामारीसँगै आर्थिकमन्दीमा परेका पर्वतका ९१ साना उद्योग अन्ततः बन्द भएका छन्।

चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा एक सय ६२ वटा उद्योग, व्यवसाय फर्म दर्ता भएकामा ९१ वटा बन्द भएका पर्यटन तथा उद्योग कार्यालयका प्रमुख अशोककुमार नेपालीले जानकारी दिनुभयो। चालु आवको चैत मसान्तसम्म ८० वटा नयाँ उद्योग दर्ता भएका छन्। ८० वटा नयाँ उद्योग तथा व्यवसाय दर्ता भएका हुन्। आर्थिकमन्दी, युवा शक्तिको बढ्दो पलायन, आयातित बस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, बजार अभावलगायत कारण उद्योग विस्थापित हुने क्रम बढेको कार्यालय प्रमुख नेपालीले बताउनुभयो। कोरोना महामारीपछि दर्ता हुने उद्योगको तुलनामा खारेज हुनेको सङ्ख्या बढेको छ। पर्वतमा अघिल्लो आवमा ९२ वटा उद्योग खारेज भएका थिएभने दुई सय ७४ वटा व्यवसाय दर्ता भएका थिए।

कार्यालय प्रमुख नेपालीका अनुसार कृषि, पशुपन्छी फार्म, फलफूल खेती, गाईपालन, भैंसीपालन, व्यावसायिक बाख्रापालनलगायत अन्य घरेलु उत्पादनका उद्योग दर्ता गर्ने बढ्दै गएकोछ।

यसैबीच, उक्त कार्यालयले उद्योगको दिगोपनाका लागि २३ उद्योगीलाई प्रविधि र उपकरण सहयोग गर्ने भएको छ। पर्यटन पूर्वाधार विकास कार्यक्रमतर्फ यस वर्ष ५६ वटा योजना रहेकामा १९ वटा योजना सम्पन्न भएको र बाँकी योजना कार्यान्वयनको चरणमा रहेका कार्यालय प्रमुख नेपालीले बताउनुभयो।